आज मिति २०८० साल आषाढ ४ गते सोमवारका दिन जैमिनी नगरपालिकाका नगर-प्रमुख श्री नर बहादुर पुनज्यूको अध्यक्षतामा दोश्रो नगर कार्यपालिकाको १८औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

प्रमुख श्री नर बहादुर पुन

उप-प्रमुख श्री हरिहर शर्मा

वडा अध्यक्ष वडा नं. १ श्री विष्णु प्रसाद आचार्य

वडा अध्यक्ष वडा नं. २ श्री प्रेम सापकोटा

वडा अध्यक्ष वडा नं. ३ श्री कृष्ण बहादुर भुजेल

वडा अध्यक्ष वडा नं. ४ श्री चक्र बहादुर थापा

वडा अध्यक्ष वडा नं. ५ श्री ठग बहादुर क्षेत्री थापा

वडा अध्यक्ष वडा नं. ६ श्री कृष्ण बहादुर थापा

वडा अध्यक्ष वडा नं. ७ श्री केन्द्र बहादुर सुनार

वडा अध्यक्ष वडा नं. ८ श्री बिमल श्रीस राना

वडा अध्यक्ष वडा नं. ९ श्री सन्दिप थापा

वडा अध्यक्ष वडा नं. १० श्री श्रीप्रसाद थापा

कार्यपालिका सदस्य श्री भगवती शर्मा सापकोटा

कार्यपालिका सदस्य श्री चिन्तामणि दर्जी

कार्यपालिका सदस्य श्री दुर्गा देवी पाध्या

कार्यपालिका सदस्य श्री लाल बहादुर परियार

कार्यपालिका सदस्य श्री भरत वि. क.

कार्यपालिका सदस्य श्री शान्तकला शर्मा

कार्यपालिका सदस्य श्री गीता कुमारी वि.क.

कार्यपालिका सदस्य श्री शान्ती सुनार

सचिव (प्रमुख प्रशासकीय अधिकृत) श्री चेतनाथ गिरी

# बैठक कार्यसूची

१. आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम छलफल गरी नगर सभामा पेश गर्ने सम्बन्धमा।
२. जैमिनी नगरपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १ – ५) स्वीकृत गर्ने सम्बन्धमा ।
३. जैमिनी नगरपालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० कार्यपालिकाबाट स्वीकृत गरी नगर सभाबाट पारित गर्नको लागि विधायन समिति मार्फत् १३औं नगर सभामा पेश गर्न स्वीकृति दिने सम्बन्धमा ।
४. कोरिडोर कुइधाङ वडा कार्यालय थुम्का वोर हुँदै धुल्लु सडकको आहाले भिर खण्डमा नेपाली सेनाबाट विस्फोटक पदार्थ प्रयोग गर्न स्वीकृति दिने सम्बन्धमा ।

निर्णयहरु

१. आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम माथि व्यापक छलफलका साथ कार्यपालिकाबाट स्वीकृत गरी नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।
२. जैमिनी नगरपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १ – ५) स्वीकृत गर्ने र यसै शैक्षिक वर्ष २०८० देखि लागू गर्ने निर्णय गरियो ।
३. जैमिनी नगरपालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० कार्यपालिकाबाट स्वीकृत गरी नगर सभाबाट पारित गर्नको लागि विधायन समिति मार्फत् १३औं नगर सभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो ।
४. जैमिनी नगरपालिका वडा नं. ७ जैदी स्थित कोरिडोर कुइधाङ वडा कार्यालय थुम्का वोर हुँदै धुल्लु सडकको आहाले भिर खण्डमा कडा चट्टान परी डोजर, एक्साभेटर तथा ब्रेकरले समेत फुटाउन कठिन भएको र दुवै तर्फ सडकको बिचमा रहेको उक्त सडक नजोडिदा उक्त वडाका वोर धुल्लु लगायतको ठूलो क्षेत्रका नागरिकहरुलाई वडा कार्यालयमा आउन र सेवा लिन अत्यन्त कठिनाई र समय बढी लाग्ने स्थिति रहेकोमा उक्त सडक खण्डमा नेपाली सेनाबाट विस्फोटक पदार्थ प्रयोग गरी सडक जोड्नको लागि नेपाली सेनालाई विस्फोटक पदार्थ खरिद र प्रयोग गर्न स्वीकृत प्रदान गर्नको लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।